मिति २०८२/०७/२१ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री असिम राई ज्यूको अध्यक्षतामा बसेको विशेष कार्यपालिका बैठकमा निम्न उपस्थितिबीच तपसिलका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | असिम राई | अध्यक्ष | | ९८५१०३८२९१ |
| २ | सविता राई | उपाध्यक्ष | | ९८६३९१००३४ |
| ३ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ४ | युजन बस्नेत | २ नं. वडा अध्यक्ष | | ९८११८१५४०४ |
| ५ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ६ | श्याम कुमार गुरुङ | ४ नं. वडा अध्यक्ष | | ९८५१००९०८७ |
| ७ | चन्द्र बहादुर राई | ५ नं. वडा अध्यक्ष | | ९८४४९५२५५ |
| ८ | महेन्द्रदीप राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ९ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| १० | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| ११ | सन कुमार तामाङ | ९ नं. वडा अध्यक्ष | | ९८६९८०६५९५ |
| १२ | बुद्धिराज राई | कार्यपालिका सद्स्य | | ९८६१०६५७५८ |
| १३ | डिल्ली वि.क. | कार्यपालिका सद्स्य | | ९८६०६३४७७७ |
| १४ | सरिता राई | कार्यपालिका सद्स्य | | ९८६२४२२३५० |
| १५ | तमुना राई | कार्यपालिका सद्स्य | | ९८४१९४३८६२ |
| १६ | तारा देवी श्रेष्ठ | कार्यपालिका सद्स्य | | ९८६२१२३५३१ |
| १७ | सर्मिला हिङमाङ | कार्यपालिका सद्स्य | | ९७४५२७४३४० |
| १८ | प्रसन्नदीप राई | प्रमुख प्रशासकीय अधिकृत | | ९८४९१३९२२८ |

प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव**

१. अघिल्लो बैठक निर्णयहरूको समीक्षा सम्बन्धमा।
२. अध्यक्ष रनिङ शिल्ड तथा गाउँपालिका महोत्सव सम्बन्धी।
३. घ वर्ग ईजाजतपत्र स्वीकृति सम्बन्धी।
४. खर्च स्वीकृती तथा भुक्तानी सम्बन्धमा।
५. विविध।
   - अख्तियार दुरुप्रयोग अनुसन्धान आयोगको अन्तरक्रियात्मक कार्यक्रम सम्बन्धी।
   - मतदान स्थल पुनरावलोकन सम्बन्धी।
   - सरूवा सहमती सम्बन्धी।
   - दररेट पुनः निर्धारण समिति सम्बन्धी।
   - शी लिड्स आईकन दोस्रो संस्करण सम्बन्धी।
   - ह्युम पाईप सम्बन्धी।
   - आर्थिक सहायता सम्बन्धी।
   - योजना स्वीकृती सम्बन्धी।

**निर्णय**

१. मिति २०८२/०६/२३ को कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धी समीक्षा गरियो। उक्त समीक्षामा अघिल्लो कार्यपालिकाको बैठकको निर्णय कार्यन्वयन भएको पाईयो।

२. मिति २०८१/०५/३१ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार यस आ.व. २०८२/०८३ को अध्यक्ष रनिङ शिल्ड तथा गाउँपालिका महोत्सव अन्तर्गत साँस्कृतिक/मनोरञ्जन कार्यक्रमलाई वृहत बनाउन आवश्यक पर्ने राष्ट्रिय कलाकारहरू क्रमशः ईन्द्रेणी र प्रमोद खरेल एण्ड व्याण्डको समय उपलब्धता र महोत्सवसँग तादात्यमता मिलाउन सम्झौता गर्ने/व्यवस्थापन गर्ने सम्पुर्ण जिम्मेवारी मुल आयोजक समिति अन्तर्गतको साँस्कृतिक तथा मनोरञ्जन व्यवस्थापन समितिका संयोजक तथा वडा नं. ६ का वडा अध्यक्ष श्री महेन्द्रदीप राईलाई जिम्मेवारी प्रदान गर्ने समेत निर्णय भएकोमा उक्त निर्णयानुसार संयोजक श्री महेन्द्रदीप राईज्यूद्वारा दुबै सांगीतिक पक्षसँग गरिएको सम्झौता सर्वसम्मतले पारित गर्ने निर्णय गरियो। साथै अघिल्लो वर्षहरूमा गरिएको कार्यक्रमको संक्षिप्त समिक्षा पश्चात् कृषि प्रदर्शनीलाई स्थानीय कृषि उपजहरूको प्रदर्शनी मात्र नभई यस गाउँपालिका भित्र निर्माण गरिएको हस्तकला, काष्ठकला तथा अन्य रैथाने उत्पादनहरू समेत प्रदर्शनमा राख्न व्यवस्थापन मिलाउने। विभिन्न जात जातिको संयोजन भएको स्थानीय तह भएकोले जात जाति अनुसारको स्थानीय तथा रैथाने खानाको प्रवर्द्धन गर्न महोत्सव अवधिभर विक्रि वितरणको व्यवस्था गर्ने प्रोत्साहन गर्ने निर्णय गरियो।

३. यस थुलुङ दुधकोशी गाउँपालिको घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधी, २०७७ को अनुसूची १ बमोजिम फुरा पासाङ शेर्पा (थुलुङ दुधकोशी गाउँपालिका, वडा नं. ४) फर्म धनी रहेको "सिंहदेवी राईज निर्माण सेवा)" ले घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रमाण पत्र उपलब्ध गराईदिन हुन भनी यस कार्यालयमा निवेदन दिनु भएको। उक्त कार्यविधीले व्यवस्था गरेको अनुसुची ५ बमोजिम योग्यता परिक्षण गर्दा योग्य देखिएकोले सिंहदेवी राईज निर्माण सेवालाई घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

४. आर्थिक वर्ष २०८१/०८२ को गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रममा समावेश र सम्झौता भई कार्य सम्पन्न भएको तर प्रस्तावित अनुदान, बजेट रकम निकास नभएको साथै सम्झौता भई आ.व.को अन्तिम समयमा कार्यसम्पन्न भएको तर आवश्यक कागजात नपुगेको तपसिलका योजनाहरूको हकमा भुक्तानी दायित्व यथावत रहेकोले चालु आ.व. २०८२/०८३ मा उक्त सिर्जित भुक्तानी दायित्वको योजनाहरू स्वीकृत गरि खर्च स्वीकृती सहित भुक्तानी दिने निर्णय गरियो।

५. विविध।

- **अन्तरक्रियात्मक कार्यक्रम सम्बन्धीः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासको प.सं. प्रशासन/२०८२/०८३, च.नं.११८१/BDS-८२८३-१६९५६ को प्राप्त पत्रानुसार "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" विषयक अन्तरक्रियात्मक कार्यक्रम मिति २०८२-०७-२२ गते बिहान १० बजे यस गाउँपालिकाको सभाहलमा गर्ने पत्र प्राप्त भए बमोजिम सम्पुर्ण सहभागीहरूलाई पत्राचार गरिसकिएको र पुनश्चः सम्पुर्ण कर्मचारी लगायत जनप्रतिनिधिहरू उक्त कार्यक्रममा सहभागी हुन अनुरोध गर्ने निर्णय गरियो।
- **मतदान स्थल पुनरावलोकन सम्बन्धीः** जिल्ला निर्वाचन कार्यालयको प.सं. २०८२/०८३ च.नं. २५ मिति २०८२/०७/१९ गतेको प्राप्त "मतदान स्थल सम्बन्धमा" विषयक पत्र माथि छलफल गरियो। उक्त पत्रानुसार यस गाउँपालिका अन्तर्गत रहेका मतदान स्थलहरू पुनरावलोकन गर्नु पर्ने भएमा मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधी, २०८१ अनुसार वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको सिफारिसमा कार्तिक २४ गते भित्र पठाउने निर्णय गरियो।
- **सरूवा सहमती सम्बन्धीः**

  यस थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुको प्रशासन शाखामा कार्यरत श्री अस्मिता राई (प्रशासन, सहायकस्तर पाँचौं, क.सं.नं.: २३५९६७) ले आफ्नो जरूरी व्यक्तिगत तथा पारिवारिक कारण देखाई सरूवा सहमति माग गर्नु भएकोमा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ (४) ले व्यवस्था गरेको प्रावधान बमोजिम अन्तर स्थानीय तह सरूवा भई जान सहमति प्रदान गर्ने निर्णय गरियो।

  त्यसै गरी थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुको वडा सचिव पदमा २ वर्ष ७ महिना देखि कार्यरत रहनुभएको श्री अशोक कुमार राई (प्रशासन, सहायकस्तर चौथो, क.सं.नं.: २३११७७) ले आफ्नो जरूरी व्यक्तिगत तथा पारिवारिक कारण देखाई सरूवा सहमति माग गर्नु भएकोमा निजलाई समेत अन्तर स्थानीय तह सरूवा भई जान सहमति प्रदान गर्ने निर्णय गरियो।
- **दर रेट पुनः निर्धारण समिति सम्बन्धीः** यस थुलुङ दुधकोशी गाउँपालिकाभित्र रहेर निर्माण हुने पुर्वाधार तथा सडक निर्माणको क्रममा आवश्यक पर्ने मेशिन/हेभी मेशिनको दर रेट पुनः मुल्याङकन गर्नु पर्ने हो कि होईन? गर्ने हो भने के कतिले गर्ने? सम्बन्धी प्रतिवेदन पेश गर्ने हेतुले तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

  तपसिलः

  | | |
  |---|---|
  | संयोजक | भोजराज कार्की |
  | सदस्य | नागेन्द्र बस्नेत |
  | सदस्य सचिव | कालीबहादुर रावत |
- **शी लिड्स आईकन दोस्रो संस्करण सम्बन्धमाः** शी लिड्स आईकन कार्यक्रम अर्गनाइजर कल्प ईम्पावर वेमेन नेपाल को मिति २०८२-०६-२५ प्राप्त पत्रानुसार गाउँपालिकाको स्थानीय उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यका लागि स्टल मार्फत सक्रिय सहभागिता वृद्धि गर्ने विषयक पत्र प्राप्त भएको, यस गाउँपालिकाको उपाध्यक्ष श्री सविता राईज्यू समेत उक्त शी लिड्स आईकनमा छनौट हुनुभएको तथा गाउँपालिकाको स्थानीय उत्पादन, पर्यटकीय क्षेत्र, यस गाउँपालिकाको परिचय खुलाउने सामाग्रीको प्रदर्शन तथा स्थानीय हस्तकलाहरूको प्रदर्शनी सूचना केन्द्रको रूपमा राख्ने गरि उक्त कार्यक्रममा स्टल राख्ने र उक्त स्टल राखे वापत सिर्जना हुने आर्थिक दायित्वसमेत गाउँपालिकाले भुक्तानी दिने निर्णय पारित गरियो।
- **ह्युम पाईप सम्बन्धीः** यस थुलुङ दुधकोशी गाउँपालिकाको वडा नं. ६ र वडा नं. ४ बीच भई बहने दुधकोशी खोलाको वहाब घटेकोले गाउँपालिकाको वडा नं. ४,५,९ बाट गाउँपालिका केन्द्रसम्म सवारी

आवतजावत गर्न दुधकोशी नदीमा हरेक हिँउदमा राखिने ह्युम पाईप राख्न/अस्थायी पुल निर्माणार्थ कार्य अगाडी बढाउन प्राविधिक शाखा निर्देशन दिने निर्णय गरियो।

- **आर्थिक सहायता सम्बन्धीः** यस थुलुङ दुधकोशी गाउँपालिकाको वडा नं. ७, देउसास्थित श्री हरिसचन्द्र राईको दुईतले घर मिति २०८२-०६-०८ गतेको आगलागीमा परि पुर्णरूपमा क्षतिग्रस्त भएकोले वडाको सिफरिस सहित सर्जिमिन मुचुल्काको आधारमा निजलाई रु. ५०,०००।०० (पचास हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।
- **योजना स्वीकृति सम्बन्धीः** यस थुलुङ दुधकोशी गाउँपालिकाको विभिन्न वडास्थित अत्यावश्यक तपसिलका योजनाहरू संचालन गर्न स्वीकृति दिने तथा सो योजनाहरू सम्पन्न भए पश्चातको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिने निर्णय सर्वसम्मतले पारित गरियो।
    - पौडेल खत्री समाजको गुठी भवन तथा मन्दिर घेरावार वडा नं.१ प्रस्तावित बजेट २,००,०००।००
    - तारजाली तथा पोष्ट खरिद वडा नं. २ प्रस्तावित बजेट २,७५,०००।००